**प्रश्न नं. ९०**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.१०८५८ देखि माथि विद्यार्थीहरुका लागी मात्र)**

बसुन्धरी खत्रीको जाहेरीले नेपाल सरकार

बिरुद्ध

दाङ सैघा गाउँपालिका वडा नं. ४ बस्ने दलबहादुर खत्री

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- मिति २०७५।८।५ मा छोरी ज्वाईले वोलाएकोले निजको घर गएको थिएं। साँझको खाना खाई म र सम्धिनी पिमा भण्डारी समेत निजको घरमा सुत्न गै भोलिपल्ट विहान ज्वाईको घरमा फर्कदा वाहिरवाट आग्लो लागि ढोका वन्द थियो । ढोका खोली हेर्दा मेरी छोरी वसन्ती मृत अवस्थामा सिरकले छोपिइरहेको देखेकोले ज्वाई दलवहादुरले नै कर्तव्य गरी मारेको स्पष्ट भएकोले कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको जाहेरी दर्खास्त ।
- बाँया साप्रामा कोतरिएको घाउ भएको, घाँटीको अवस्था लल्याकलुलुक गरी चारै तिर हल्लिने, घाँटीमा डामहरु नभएको भन्ने समेत व्यहोराको मिति २०७५।८।६ को लाश प्रकृति मुचुल्का ।
- घाँटी वटारिई स्वास प्रश्वास बन्द भै मृत्यु भएको हो भन्ने समेत व्यहोराको शव परीक्षण प्रतिवेदन ।
- मेरी श्रीमती वसन्तीले १०।१५ दिन अघि देखिनै मलाई करणी गर्न खोज्दा दिएकी थिइनन् सो दिन राति एक वजेको समयमा मलाई करणी गर्न मन लाग्यो करणी गर्न खोज्दा कुटाकुट भयो । श्रीमतिले मेरो लिङ्ग र अण्डकोष समाती मलाई मार्न खोज्दा फुत्काउन सफल भै रिस उठी अव यस्लाई नमारी छाड्दिन भनी श्रीमतीको चिउडो र टाउको सामाती वटारी दिंदा मृत्यु भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी दलवहादुर खत्रीको अनुसन्धान अधिकारी समक्ष वयान ।
- मिति २०७५।८।५ गते राती आफ्नो श्रीमतीलाई यौन सम्पर्क गर्न खोज्दा निजले नदिए पछि मुक्काले हानेको र श्रीमतीले लिङ्ग समाति दिएकीले रीसको आवेगमा मुक्काले हानी निजको घाँटी वटार्दा मरेकीले भागी आएको हुँ भनी दलवहादुरले भनेकोले प्रहरीलाई खवर गरी बुझाएको हौ भन्ने समेत व्यहोराको खिमवहादुर गिरी, मानवहादुर खत्री समेतको कागज ।
- किटानी जाहेरी, दलबहादुर खत्रीको साविती वयान, मौकामा वुझिलिएकामानवहादुर वुढाथोकी, प्रेमवहादुर भण्डारी, टेकवहादुर कुवंर, वलवहादुर कुवर व्यहोराको खिमवहादुर गिरी, मानवहादुर खत्रीसमेतको कागज, पोष्टमार्टम रिपोर्ट समेतको आधारमा दलबहादुर खत्रीलाई मुलुकी फौजदारी

**प्रश्न नं. ९०**

संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरममा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँभन्ने अभियोग पत्र ।

- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- दाङ जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत तुलसीपुरमा प्रस्तुत गरेको पुनरावेदनपत्र